# धितोपत्र सम्बन्धी कसुरको उजुरी दिने ढाँचा

श्री नेपाल धितोपत्र बोर्ड मिति :
काठमाण्डौ ।

विषय : धितोपत्र सम्बन्धी कसूर गरेको उजुरी ।

नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ को नियम १५बमोजिम देहायको विवरण खोली उजुरी निवेदन गर्न आएको छु ।

१. धितोपत्र सम्बन्धी कसूर गर्ने व्यक्तिको नाम, थर, ठेगाना :
२. कसूर गर्ने व्यक्ति कुनै कम्पनी वा संगठित संस्थामा कार्यरत भएमा सो के विवरण :
३. कसूरको पूरा विवरण :
४. कसूर गरेको मिति :
५. उजुरवालाले थाहा पाएको मिति :
६. कसूरको व्यहोरालाई पुष्ट्याई गर्ने कुनै प्रमाण भए सोको विवरण :
७. कसूरबाट उजुरवालालाई कुनै हानी नोक्सानी वा क्षति पुगेको भए सो सम्बन्धी विवरण :
८. कसूरको विषयलाई लिएर अन्य कुनै निकायमा उजुरी गरेको भए सो निकायको नाम र निर्णय व्यहोरा :
९. आफ्नो नाम गोप्य राख्न चाहेमा त्यसको कारण र व्यहोरा :
१०. उजुरवाला स्वयं मर्कामा परेको हो वा मर्का पर्ने व्यक्तिका तर्फबाट उजुर गरेको हो सो कुरा :
११. धितोपत्र सम्बन्धी कसूरको कार्यबाट प्रतिकुल असर पर्ने व्यक्तिले उजुर गर्न नसकेको भए सो को कारण :

माथि लेखिएको व्यहोरा ठिक साँचो हो झुठ्ठा ठहरे कानून बमोजिम सजाय सहुला बुझाउँला ।

उजुरवालाको दस्तखतः
नाम थरः
ठेगानाः
फोनः
फ्याक्सः
इमेलः

उजुरवाला कुनै संगठित संस्था वा कार्यालयमा कार्यरत भएमाः

कार्यालयको नामः
कार्यरत पदः
कार्यालयको ठेगानाः

द्रष्टव्यः १. उपरोक्त ढाँचा सामान्य हो सकभर माथिका सवै कुरालाई स्पष्ट खुलाउनु पर्नेछ ।
२. आफूसंग रहेको प्रमाणको प्रतिलिपी समेत संलग्न गर्नुपर्ने छ र अन्यत्र रहेको प्रमाणको सम्बन्धमा कहाँ र को संग रहेको छ सो व्यहोरा खुलाउनुपर्नेछ ।

# धितोपत्र सम्बन्धी गुनासा दिन सकिने अन्य विषयहरु

## धितोपत्र दलाल सम्बन्धी

(क) धितोपत्र खरीद/बिक्री आदेश(पत्र उपलब्ध गराउन वा खरिद। बिक्री आदेश लिन इन्कार गरेको ।
(ख) धितोपत्र खरीद/बिक्री आदेश कार्यान्वयन नगरेको ।
(ग) धितोपत्र खरीद/बिक्री आदेशमा उल्लेख गरेको भन्दा फरक मूल्य।परिमाणमा धितोपत्र खरीद/बिक्री गरेको ।
(घ) आदेश अनुसार धितोपत्र खरीद/बिक्री भएपछि समयमै सो सम्बन्धी जानकारी नदिएको ।
(ङ) ग्राहकको आदेश विना कारोवार गरेको/ग्राहकको सहमति वा आदेश विना खाली हस्तान्तरणमा राखेको ।
(च) बिक्री गरेको मूल्य भन्दा कम रकम दिएको/खरीद गरेको मूल्य भन्दा बढी रकम लिएको ।
(छ) धितोपत्र बिक्री गरेको रकम/खरीद गरेको प्रमाणपत्र प्राप्त नभएको/ढिला प्राप्त भएको ।
(ज) तोकिए भन्दा बढी दरमा कमीशन/नामसारी दस्तुर लिएको ।
(झ) धितोपत्र खरीद/बिक्री सम्बन्धमा गलत जानकारी प्रदान गरेको ।
(ञ) धितोपत्र खरीद/बिक्री सम्बन्धि धितोपत्र दलालसमक्ष प्रेषित गुनासा समयमै समाधान नगरिदिएको
(ट) अन्य । (विषय स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने)

## निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी

(क) निष्काशनकर्ता कम्पनीको बिवरण-पत्र/शेयर खरीद आवदेन फारम प्राप्त नभएको ।
(ख) बिवरणपत्र/आव्हानपत्र/बिज्ञापन मार्फत गलत वा झुठा बिवरण सार्वजनिक भएको ।
(ग) निष्काशनकर्ता कम्पनीको प्रबन्धपत्र, नियमावली तथा सम्बन्धित अन्य कागजातहरु हेर्न उपलब्ध नगराएको ।
(घ) शेयर खरीद आवेदन फाराम बुझिलिन इन्कार गरेको/शेयर खरीद आवेदन दिने समय समाप्त भएपछि पनि आवेदन लिएको ।
(ङ) निष्काशित धितोपत्र बाँडफाँट गर्दा अनियमितता भएको ।
(च) बाँडफाँटमा परेको धितोपत्रको प्रमाणपत्र प्राप्त नभएको ।
(छ) बाँडफाँटमा नपरेको धितोपत्रको रकम फिर्ता भुक्तानी प्राप्त नभएको ।
(ज) निष्काशित धितोपत्रमा लगानी सम्बन्धमा निष्काशन तथा बिक्री प्रवन्धक/निष्काशनकर्ता कम्पनीसमक्ष प्रेषित गुनासा समयमै समाधान नगरिदिएको ।
(झ) (विषय स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने)

## धितोपत्र बजार सम्बन्धी

(क) सूचिकृत कम्पनीबाट प्राप्त मूल्य सम्वेदनशील सूचना, आर्थिक बिवरणहरु आदि यथासमयमै बजारलाई जानकारी नगराएको ।
(ख) खरीद/बिक्री भएको धितोपत्रको मूल्य, परिमाण आदि सम्बन्धमा रुजु गर्नका लागि मागअनुसार जानकारी प्राप्त गर्न नसकिएको ।
(ग) धितोपत्र बिनीमय बजारले सदस्यता, धितोपत्र सूचीकरण, कारोवार आदि सम्बन्धमा लगानीकर्ताहरुलाई जानकारी नगराएको ।
(घ) धितोपत्र बिनीमय बजारमार्फत धितोपत्र खरीद/बिक्री सम्बन्धि बिनीमय बजारमा प्रेषित गुनासा समयमै समाधान नगरिदिएको ।
(ङ) अन्य । (विषय स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने)

**<u>सूचिकृत कम्पनी सम्बन्धी</u>**

(क) बिक्री गर्न चाहेको धितोपत्रको दस्तखत प्रमाणित नगरिदिएको ।
(ख) शेयर नामसारी गर्न इन्कार गरेको वा ढिलाई गरेको ।
(ग) मूल्य सम्बेदनशील सूचना तथा आर्थिक बिवरणहरु समयमै सार्वजनिक नगराएको ।
(घ) घोषित लाभाँश/बोनस शेयर/हकप्रद शेयर समयमै प्राप्त नभएको ।
(ङ) वार्षिक साधारण सभा समयमै नगरेको ।
(च) सार्वजनिक नगराइएको सूचना (भित्री सूचना) उपलब्ध गराई कारोवार गर्न सहयोग गरेको ।
(छ) सुचिकृत कम्पनीको धितोपत्र सम्बन्धि कम्पनीसमक्ष प्रेषित गुनासा समयमै समाधान नगरिदिएको ।
(ज) अन्य । (विषय स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने)